सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २३ अंक १४० २०८० साल भदौ १३ गते बुधबार( Aug - 30 2023) नेपाल सम्वत ११४३ पृष्ठ ४ मूल्य रु. ०५।-

## २० किलो चाँदी सहित दुई जना पक्राउ

● प्रभात समाचार

सिन्धुली,१२भदौं /अवैध रुपमा ल्याएको २० किलो चाँदी सहित दुई जना पक्राउ परेका छन। विराट नगरबाट काठमाडौ तर्फ जाँदै गरेको वागमति प्रदेश०१-०२५-च १०६९ नम्वरको नीजि कारबाट उक्त परिणाममा चाँदी बरामद भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ।

चाँदी सहित पक्राउ पर्नेमा चालक मोरङ जिल्ला विराटनगर महानगरपालिका ५ का बर्ष २५ का रोहित कुमार यादव र सप्तरी जिल्ला राजविराज नगरपालिका८ स्थायी ठेगना भै हाल मोरङ जिल्ला विराटनगर महानगरपालिका ४ बस्ने बर्ष ३७ को सेचन मानन्धर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

गएराती ३ बजेको समयमा प्रहरीको नियमित चेकजाँचको क्रममा जिल्लाको गोलञ्जोर गाउँपालिका ५ खनियाखर्क रहेको गढी प्रहरी चौकीबाट खटिएको प्रहरी उक्त चाँदी बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक राजकुमार सिलवालले बताए।

कार चेकजाँचको क्रममा गाडीको पछाडी सिटको मुनि लुकाई छिपाई ल्याएको ४ वटा प्लाष्टिकको पोकाहरुमा चाँदी फेला परेको र चाँदी तौल गर्दा २० किलोग्राम देखिएको सिलवालले बताए। चेकजाँच गर्दा चाँदी फेलापरेपछि उनीहरुसँग विलमाग गर्दा विल नभएपछि अवैध नै भएको ठहर गर्दै नियन्त्रणमा लिएको सिलवालले बताए।



उक्त चाँदीको बजार मुल्य २४ लाख ६१ हजार ७ सय ६० रुपैया बराबरको रहेको उनले बताए। विपि राजमार्ग हुर्दै अवैध सुनचाँदी ओसारपसार हुने गरेको आशंकामा प्रहरीले केही दिन देखि नीजि सवारी साधनपनि चेकजाँच गर्न थालेकाले उक्त परिणाममा चाँदी बरामद गर्न सफल भएको सिलवालले बताए। थप अनुसान्धानको लागी आन्तरिक राजश्व कार्यालय पठाउने तयारी भई रहेको पनि सिलवालले बताए।

यसैगरी इलाका प्रहरी कार्यालय भिमानले १४२ बोरा भारतबाट आएको चामल बरामद गरेको छ। मंगलबार विहान साढे ४ बजे भिमान चेकपोष्टमा चेकजाँच गर्दा विल विनाको चामल बरामद गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा पत्रकार सम्मेलन गरि चामल बरामद गरेर भन्सार कार्यालय जनकपुर पठाईएको जानकारी दिईएको छ। पत्रकार सम्मेलनमा बोल्दै एसपी राजकुमार सिलवालले चामल, चामल ल्याएको प्रदेश २-०३-००१ख७०६५ नम्बरको ट्रक र ट्रकका चालक सर्लाहि हरिपुर नगरपालिका ७ अजय चौधरीलाई थप अनुसन्धानका लागि भन्सार कार्यालय पठाईएको बताए। सिलवालले चामल सर्लाहिबाट काठमान्डौतर्फ लगिँदै गरेको बताएका छन।

भारतीय ब्राण्डको चामल रहेको र विल विजक नभएकाले बरामद गरिएको उनले बताए। रिपुराज र सेभेन स्टार नामको चामल प्रहरीले बरामद गरेको छ।

## विधुत् प्राधिकरणको सवारी दुर्घटना

● प्रभात समाचार

सिन्धुली,१२ भदौं /विधुत प्राधिकरणको सवारी साधन दुर्घटना हुदा २ जना घाइते भएका छन्। मदन भण्डारी राजमार्ग अर्न्तगत सिन्धुलीको दुधौली नगरपालिका २ रतनपुरमा काठमाडौं बाट मोरङतर्फ जाँदै गरको विधुत् प्राधिकरण केरन सबस्टेशन मोरङको बीएवी ११११४ नम्बर हाइलक्स दुर्घटना परी २ जना घाइते भएका हुन्।

राउत मध्यम घाइते भएका छन् भने सोहि गाडिमा सवार विधुत् प्राधिकरण केरन सबस्टेशनका नवौं तहका कर्मचारी रौतहट जिल्लाका मौलापुर नगरपालिकाका ५० वर्षीय दर्शन राय यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी निरिक्षक केशब कटुवालले बताए।

घाइतेहरु दुवै जनालाई उपचारको लागि काठमान्डौं लगिएको छ। गाडि



घाइते हुनेमा गाडि चालक महोत्तरी जिल्लाका भङ्गा नगरपालिकाका बैजनाथ सडकबाट अनियन्त्रित भई १० फिट तल खसेको प्रहरीले जनाएको छ।

## बागमती प्रदेशको माटोमा अम्लीयपनको समस्या

● प्रभात समाचार

हेटौँडा १२ भदौ / बागमती प्रदेशमा खेती हुँदै आएको माटोमा अम्लीयपनको समस्या पाइएको छ। माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेश, हेटौँडाले माटो परीक्षणका क्रममा यस्तो पाएको कार्यालय प्रमुख डा. जनार्दन खड्काले जानकारी दिए।

कमी, बर्षातको पानी, माटो बन्ने पैतृक चट्टान र मानवीय व्यवस्थापनका कारण माटोमा अम्लीयपनको समस्या बढ्दै गएको उनले बताए। काठमाडौं उपत्यकासहित व्यावसायिक तरकारी, कृषि खेती हुने जिल्लाहरू काभ्रे, ललितपुर, धादिङ, नुवाकोट, चितवन र मकवानपुरको माटोमा अम्लीयपनको




प्रदेशमा माटो परीक्षणका क्रममा माटोमा ५० प्रतिशत प्राङ्गारिक पदार्थको समस्या बढी पाइएको उनले बताए। प्रयोगशाला, *बाँकी ४ पेजमा ...*

## डेंगु सङ्क्रमितको संख्या २० हजार नाघ्यो

● प्रभात समाचार

काठमाडौं १३ भदौ / डेंगु सङ्क्रमितको संख्या २० हजार नाघेको छ। स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार डेंगु सङ्क्रमण हालसम्म ७५ जिल्लामा २० हजार १४५ जनामा पुष्टि भएको छ।

अहिलेसम्म १३ जना सङ्क्रमितको मृत्यु भएको डा. दाहालले जानकारी दिनुभयो। पछिल्ला कहीं वर्षदेखि डेंगु सङ्क्रमण जनस्वास्थ्यको गम्भीर समस्याको रूपमा देखिँदै आएको छ।

पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थालेपछि सङ्क्रमण दैनिक बढ्दो छ। पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ, ती फुल लार्भा बन्छन् र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोकेपछि डेंगु फैलिने चिकित्सक बताउँछन्।

यो वर्ष जुलाईबाट बढ्न थालेको डेंगु सङ्क्रमण सेप्टेम्बर महिनासम्म उच्च विन्दुमा पुग्ने केन्द्रले प्रक्षेपण गरेको छ। डेंगुको जोखिम कायम नै रहेकोले सचेत रहन चिकित्सकको सुझाव छ। पछिल्लो केही दिनदेखि काठमाडौं उपत्यकामा पनि डेंगु सङ्क्रमितको संख्या बढ्दै गएको छ। रुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार डेंगस सेरोटाइप्स भनेको कुनै पनि सूक्ष्म जीवको विभिन्न प्रकार वा प्रजातिहरूको वर्गीकरण हो। डेंगु सेरोटाइप्स चार प्रकारका हुन्छन्।

नेपालमा हाल डेंगुका चार वटा 'सेरोटाइप्स' पुष्टि भएका छन्। डा। दाहालका अनुसार *बाँकी ४ पेजमा ...*

### च्याउकोटबाट चियाउँदा




### डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### सम्पदाहरुको संरक्षण गरौं।

धार्मिक तथा सास्कृतिक क्षेत्रहरु हाम्रा गहना हुन। सिन्धुली जिल्लामा सिन्धुलीगढीको भन्दा बाहेक अन्य ऐतिहासिक तथा धार्मिक स्थलहरुको विषयमा चर्चा र प्रचार दुवै हुन सकेको छैन।

यस्ता धार्मिक तथा सास्कृतिक सम्पदाहरुको संरक्षण गर्नु र प्रचारप्रसार गर्नु हामि सवै नेपालीहरुको कर्तव्य हो। यसको लागी हामिले हाम्रो स्थानमा भएका धार्मिक तथा सास्कृतिक सम्पादाहरुके संरक्षण र प्रचारप्रसार गर्नु आवश्यक छ। नेपाल सरकारको मात्र आश गरेर बस्ने हो भने यो काम ढिलो पनि हुन सक्छ। नेपाल सरकार एक्लैको प्रयास असम्भव हुन सक्छ। यसलाई सफल पार्न सिन्धुलीबासी आफ्नै देखि लागी पर्नु आवश्यक छ। यदी हामिले सिन्धुली जिल्लामा रहेक धार्मिक तथा पर्यटकिय स्थानहरुको आफ्नो तर्फबाट थोरै पनि प्रचारप्रसार गर्न सकेमा यो सफल हुने छ।

नेपाल एउटा यस्तो प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो कि यहाँ असंख्य स्रोतका भण्डार रहेका छन, मात्र यसको उचित परिचालन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण नभएको र सांस्कृतिक सम्पदा संरक्षणले देशको पहिचान विश्वमा चिनाउन सकिन्छ भन्ने धारणा नागरिकमा चेतना नभएर मात्र हो। सम्पदा र संस्कृति बचाउने नाममा मठमन्दिर, गुठी संस्थान, सार्वजनिक जग्गाजमिन इत्यादि क्षेत्र दिनानुदिन अतिक्रमण हुँदै गएका छन, खण्डीकृत हुँदै गएका छन्। यस तर्फ आम नागरिकहरुले चासो र ध्यान नदिने हो भने भोलिको पुस्तालाई हाम्रो सम्पदा र प्राकृतिक सुन्दरताको विषयमा हामिले एकादेशको कथा भने जस्तो गरी सुनाउनु पर्ने हुन्छ। जसलाई जीवन्त राख्नका लागी हामि सवै लाग्नु आवश्यक छ।

**शिद्धबाबा दाना चल्ला सप्लायर्स**
**कनपा:-६, कृषि उपज बजार, सिन्धुली**

यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ।

**यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलब्ध छ।**





सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००, ०४७-५२०६१२

# सङ्गठित अपराधमा नयाँ नजिर



अब उप्रान्त तीन वा तीनभन्दा बढी व्यक्ति मिली घटाएको वारदातलाई स्वतः सङ्गठित अपराध निवारण ऐन, २०७० आकर्षित गरी अनुसन्धान, अभियोजन र ठहर गर्न फैसलाले रोक लगाएको छ र प्रचलित ऐनको व्यवस्थाले सामूहिक अपराध र सङ्गठित अपराधलाई करिब एकसमान व्यवहार गरेको हुनाले सबैलाई संवेदनशील हुन आग्रहसमेत गरेको छ।



प्रकाश अधिकारी

तीस वर्षदेखि इटालीको सर्वाधिक खोजीको सूचीमा रहेको कसुरदार माटिओ मेसिना देनारोलाई सिसलीको पलेर्मो सहरको एउटा निजी क्लिनिकको बाहिरबाट पक्राउ गर्न प्रहरीले गत वर्ष सफलता पाएको थियो। देनारो माफियाको सबैभन्दा निर्दयी पुस्ताको अन्तिम 'गडफादर' थियो। प्रहरी कौशलको उच्च मूल्याङ्कन गर्न इटालीका प्रधानमन्त्री सिधै पलेर्मो गएर फरारी पक्राउ गर्ने राष्ट्रसेवक प्रहरीहरूका सामु शिर झुकाएर हात मिलाउनुभएको थियो। देनारोको गिरफ्तारीले इटालीवासीलाई स्तम्भित पा-यो। गिरफ्तार गरेको देख्नेहरूले हावामा हात उठाएर ताली बजाए र प्रहरीलाई अङ्कमाल गरे, चुमे। राजनीतिका सबै तह र तप्काबाट प्रशंसा ओइरियो।

राष्ट्रसेवकलाई स्यावासी दिएपछि प्रधानमन्त्रीले भन्नुभयो, "आज खुसीको दिन हो। किनभने हामी हाम्रा बच्चालाई माफिया हराउन सकिन्छ भन्न सक्छौं। यसका लागि युद्ध देख्नु परेन। हामीले माफियालाई जित्नका लागि गरेको यो एउटा मौलिक लडाइँ थियो। सङ्गठित अपराधलाई विनाश गर्न सकिन्छ।" सन् १८६० को दशकमा इटालीको सिसली सहरको माफिया समूहबाट सङ्गठित अपराधको सुरुवात भएको विश्वास गरिन्छ। अमेरिकामा यो 'ला कोसा नोस्ट्रा' को नाममा विस्तारित भयो।

जापानमा याकुजा र चीनमा ट्रायड तथा ब्ल्याक सोसाइटीहरू पनि सङ्गठित रूपले आपराधिक कार्यमा संलग्न थिए। धेरै व्यक्तिको आबद्धता, फरक कार्यशैली, गोप्यता, प्रमाण मेटाउनु, तहगत संरचना र शत्रुप्रतिको पाशविक क्रुरता जस्ता चरित्रले सङ्गठित अपराध परम्परागत अपराधसँग छुट्टिन्छ। कुनै स्थानविशेष वा राष्ट्रमा मात्र सीमित नरही अन्तरदेशीय प्रकृति भएको यस प्रकारको अपराधले आतङ्कवाद जस्ता गम्भीर चुनौतीलाई प्रश्रय दिन सक्ने हुनाले संयुक्त राष्ट्रसङ्घले अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको महासन्धि, २००० पारित गरेपछि नेपालसमेतका पक्ष राष्ट्रहरूले कानुन र कार्यान्वयन गर्ने संरचनाको निर्माण गरेको पाइन्छ।

सामान्यतः उच्च मागमा रहेका गैरकानुनी वस्तु र सेवाहरू, लागुऔषध, हातहतियारको आपूर्ति, देह व्यापार, मानव बेचबिखन गरी आर्थिक लाभ लिने, सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा लगानी गर्ने जस्ता उद्देश्यसहित सङ्गठित अपराध हुने गरेको पाइन्छ।

सङ्गठन बनाई योजना अनुसार आपराधिक कार्य गरिने हुनाले यस्ता सङ्गठन स्वशासित सङ्गठित संस्था जस्ता देखिन्छन्। राष्ट्रसङ्घीय महासन्धि अनुसार सङ्गठित अपराधको कसुर स्थापित हुन कम्तीमा पनि तीन जना व्यक्तिको संरचनात्मक समूह, निरन्तर अस्तित्व र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वा अन्य कुनै भौतिक लाभ आर्जनका लागि सामूहिक रूपमा कुनै सङ्गठित आपराधिक समूहले कम्तीमा एक पटक चार वा चार वर्षभन्दा बढी स्वतन्त्रता वञ्चित हुने कुनै सजाय वा त्योभन्दा गम्भीर प्रकृतिको सजाय हुने गम्भीर अपराध गरेको हुनु पर्छ।

नेपालले महासन्धिलाई सन् २०११ मा अनुमोदन गरी सङ्गठित अपराधको प्रकृति सामान्य अपराधभन्दा पृथक् हुनाले अनुसन्धान, अभियोजन र न्यायिक निरुपणका अन्तर्राष्ट्रिय मापदण्ड तथा प्रावधानसमेतका विशिष्ट व्यवस्थाहरू सङ्गठित अपराध निवारण ऐन, २०७० द्वारा आन्तरिकीकरण गरेको छ। कसैले आपराधिक समूहको लाभका लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध गरेको मानिन्छ। भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसुरलाई गम्भीर अपराध मानेको छ।

सङ्गठित अपराध आर्थिक वा अन्य कुनै लक्ष्य प्राप्तिका लागि वा कसैलाई वा कुनै मुलुकलाई नै विभिन्न प्रकारले प्रतिकूल प्रभाव पार्ने बदनियतसहितको अपराधको उद्देश्य, कार्यशैली, संरचनात्मक ढाँचा, सञ्जालसमेत गरी योजना तयार गरिएको हुन्छ। सङ्गठित कसुरमा अमूक कसुरलाई एक छुट्टै दृष्टिकोणबाट हेरिने नभई अपराध घटाउनका लागि सङ्गठित रूपमा काम गर्ने समूहलाई हेरिनुपर्ने भएकाले सङ्गठित अपराधमा नियन्त्रित अनुसन्धान प्रविधि वा अन्डरकभर अपरेसन, सुराकी परिचालन, शङ्कितको सञ्चार निष्क्रिय, अवरुद्ध वा अभिलेख जस्ता अनुसन्धानका विशिष्ट प्रविधि अनुसन्धानकर्ताले अपनाउन पाउँछ।

सामान्य अपराधमा शङ्कितलाई २५ दिन मात्र थुनामा राख्न पाइनेमा सङ्गठित अपराधमा ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाइन्छ। प्रचलित कानुनले हुने सजायमा ५० प्रतिशत थप सजायको माग दाबी लिइन्छ। अदालतले सङ्गठित अपराधका प्रतिवादीलाई सामान्यतः थुनामा नै राखी पुर्पक्ष गर्नु पर्छ, अभियुक्त-साक्षीलाई भिडियोमार्फत बयान-बकपत्र गराउन सकिन्छ। साक्षी, सुराकी र उजुरीकर्तालाई डोर खटाएर परीक्षण गर्न सकिन्छ।

उल्लिखित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको आलोकमा सर्वोच्च अदालतबाट सीताराम गिरीविरुद्ध नेपाल सरकारसमेत भएको अपहरण तथा शरीर बन्धक मुद्दामा तीन वा तीनभन्दा बढीले अपराध गरेसम्मकै आधारले मात्र कुनै अपराध सङ्गठित नहुने भनी तीन वा तीनभन्दा बढी व्यक्तिको संलग्नता हुनासाथ स्वतः सङ्गठित अपराध प्रमाणित हुन सक्दैन। समूहले गरेको कसुर सङ्गठित अपराध लागे पनि सङ्गठित अपराध स्थापित हुन आपराधिक समूहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित संरचनामा आबद्ध तीन वा तीनभन्दा बढी व्यक्तिको समूहद्वारा आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेको प्रत्येक सम्बद्ध कसुरको पुष्टि गर्ने प्रमाण पर्याप्त हुनु पर्छ भन्ने व्याख्या भएको छ।

फैसलामा बोलिएको छ, "सङ्गठित अपराधको कसुर स्थापित हुन कम्तीमा पनि तीन जना व्यक्तिको संरचनात्मक आपराधिक समूहको निरन्तरता र स्थायी प्रकृति, एकभन्दा बढीको कसुरमा संलग्नता, आपराधिक क्रियाकलापको सिलसिलाबद्धता,

साङ्गठनिक संरचना, समूहको नाम वा सङ्केत चिनारी, विशिष्टकृत कार्यशैली, नियोजित क्रियाकलाप र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक वा अन्य कुनै भौतिक लाभ आर्जनका लागि सामूहिक रूपमा कुनै सङ्गठित आपराधिक समूहले कम्तीमा एक पटक तीन वा तीन वर्षभन्दा बढी कैद वा स्वतन्त्रता वञ्चित हुने कुनै सजाय वा त्योभन्दा गम्भीर प्रकृतिको सजाय हुने गम्भीर अपराध गरेको हुनुपर्ने पूर्वसर्त रहेको देखिन्छ।"

विश्व बजारमा विज्ञान, प्रविधि, अन्तर्राष्ट्रिय व्यापार, मानिसहरूको बढ्दो आवतजावतका कारण सङ्गठित अपराधको रूप र स्वरूपहरू परिवर्तन भइरहेका देखिन्छन्। लामो समयसम्म आर्थिक लाभलाई सङ्गठित अपराधको कारण भनिए पनि राष्ट्रहरूबिचको द्विपक्षीय र बहुपक्षीय सम्बन्ध र त्यसमा अन्तरनिहित, धर्म संस्कृति आदिको प्रभावले पनि सङ्गठित अपराधमा आर्थिक लाभबाहेकका उद्देश्यहरू पनि निहित हुन पुगेको देखिन्छ।

परम्परागत रूपमा सङ्गठित अपराधलाई परिभाषित गर्दा अपराधभन्दा पनि अपराध घटाउनका लागि बनेका समूहको सङ्गठनमा जोड दिने गरिन्थ्यो। जस अनुसार सङ्गठित अपराध हुनका लागि कम्तीमा पनि तीन जना व्यक्ति हुनुपर्ने र ती व्यक्तिबिच श्रम विभाजन भएको हुनुपर्ने मानिन्थ्यो। परिवर्तित समयमा सङ्गठित अपराधमा सङ्गठनभन्दा पनि यसको कामकारबाहीको महत्व र आपराधिक समूहका सदस्यहरू अनुशासनको कडा घेरामा नभई एउटा खुकुलो सम्बन्ध (लुज नेक्सस) मा रहनसक्ने र स्वपानगत तहभन्दा पनि आपराधिक कार्यको उद्देश्य महत्वपूर्ण हुने भनी परिवर्तन आएको पाइन्छ। फैसला अनुसार आपराधिक कार्यको उद्देश्य आर्थिक लाभबाहेकका प्रसिद्धि हासिल गर्न, समाजलाई आतङ्कित गर्न, सामूहिक बदला लिने जस्ता पनि हुन सक्ने देखिन्छ।

फैसलाबमोजिम सङ्गठित अपराध कुनै निश्चित अपराध होइन, यो जुनसुकै प्रकारको भए पनि गम्भीर प्रकृतिको अपराध हुनु पर्छ। त्यस्तो अपराधमा संलग्न व्यक्तिहरूको सङ्गठनको स्वरूप एक खाले नहुन पनि सक्छ, स्पष्ट अधिकार र कर्तव्य तोकिएका ***बाँकी ३ पेजमा . . .***



# कथा : लेखकको सपना

डिल्ली अम्माई

केटाकेटी दुवै लजालु परे भने प्रेम पाक्न लामो समय लाग्छ । सुरु सुरुमा कुराको मेसो हुँदैन । के भनेर कुरा गर्ने ? मनले कुरा गर्न खोज्छ तर कुराका लागि मन तयार हुँदा शब्द हराउन थाल्दछन् ।

'ज्योतिषीले भनेका - अर्को वर्षबाट मनिरका अप्ठ्यारा दशा छन् अरे, यो वर्ष जसरी नि उसको बिहे गर्नुपर्छ !', युरोपबाट नेपाल आएको बेला लेखककी श्रीमतीले छोराको बिहेको लागि अत्याउँदै भनिन् ।

मनिर सपरिवार नेपालमा प्रेमिका बनाउन छुट्टी मनाउन आएको छ, आफ्नो गाउँ कृष्णपुर ।

मनिरले जीवनमा आफ्नो जीवन सङ्गिनी खोज्ने फुर्सदै पाएन । पढाइ छउन्जेल पढाइको धून । पढाइ सकिएपछि लगातारको काम । मेहनतलाई खुबै सम्मान गर्छ उसले । उसकी आमा धुन्धुलीले बुबासँग अक्सर भन्ने गर्दछिन्, 'अढाई दशक पार गर्दा नगर्दै छोराको बिहे नगर्ने हो भने छोरालाई बुढोकेटो भन्लान् फेरि ।'

पोहर सालभन्दा अगाडि मनिरले विवाह गर्न पटक्कै मानेको थिएन । गत फागुनपछाडि मात्र उसका बाबुआमाले भनेको मनिरले मान्यो र बिहे गर्न मन्जुर भयो ।

विवाहका लागि उसका बाबुआमाले छोरालाई कहिल्यै दबाब दिएनन् । बरु नेपालसँगको सम्बन्ध बनाइराख्न, बिहे गर्नु परे नेपाल नै उपयुक्त हुने सल्लाह दिए । उसले पनि भनेको मान्यो र नेपालमै बाबुसँगै आएर जीवनसङ्गीको खोजीमा लाग्यो । उसकै फुपूका छोराले भनेको केटी हेर्न लेखकसँगै पानीपुर पुग्यो । केटीपक्षका सबैले केटा हेरे र कुरा पनि गरे । मनिरले पनि सबैलाई सके जति आदरभावका साथ अभिवादन गऱ्यो । केटी मुस्कुराएर केहीबेर केटासँग गफ गरिन् । दुवैले एकार्कामा के के कल्पना गरे, उनैलाई थाह होला । पानीपुरबाट फर्कने क्रममा उसका बाबु लेखकले उसलाई सोधे, "यो तेरो जीवनको पहिलो प्रस्ताव हो, केटी मन पऱ्यो बाबु !"

उसले जवाफ दियो, 'बुबा, भैँसी किन्न आएको त हैन नि हामी ! भैँसी किन्दा त एक हप्ता हेरेर सबै कुरा बुझ्नुपर्छ । केटीलाई पनि म मन पर्नु पऱ्यो नि । उनले पनि हाम्रो बारेमा बुझ्नु पऱ्यो । परिवारचाहिँ शिक्षित र सभ्य रहेछन् । अरू सबै मन पऱ्यो, नानीमा मेरो र ममा नानीको मन बस्यो भने विवाह नहुने के छ र ? तर एकार्कालाई बुझ्न समयचाहिँ लाग्छ ।"

लेखकले टाउको हल्लाउँदै भने, 'हो,बाबु । मानिससँगको सहकार्यमा दुवैलाई दुवै मन पर्नु पर्छ । स्वभाव र सोच्ने तरिकाहरूमा आंशिक समानता हुनु पर्छ । जीवनको लामो सहकार्यबारे बहस हुनु पर्छ । अन्तमा, दुवैबिच सम्मानपूर्ण प्रेम बस्न सक्यो भने बिहे प्रेमिल र जीवन्त बन्दछ ।'

लेखकले सोच्यो, "केटो प्रेम गर्न अनभिज्ञ छ, तर प्रेमलाई अधिक मन पराउँछ । मन पराए मात्रै भएन, प्रेम त अभ्यास र कला पनि त हो । केही समयको प्रेमले मानिसलाई उमङ्गीत बनाएपछि विवाह गर्नु मागी विवाहभन्दा उत्तम हो । ठिकै छ, दुवैले एकार्कालाई बुझ्नुन् र प्रेममा भिजुन्, बिहे भन्ने कुरा अन्तिम हो ।

'गाउँ फर्कने क्रममा बाबु छोराका कुरा धेरै भए । घर आएपछि पनि धेरै ठाउँबाट विवाहका प्रस्तावहरू आए । तर पानीपुरबाट फर्किएपछि उसले खासै केटी हेर्ने जाँगर नै गरेन ।

मनिरले सोच्दो हो, 'प्रेम एकैपटकको भेटले गाढा हुँदैन ।'

हुन पनि हो, केटाकेटी दुवै लजालु परे भने प्रेम पाक्न लामो समय लाग्छ । सुरु सुरुमा कुराको मेसो हुँदैन । के भनेर कुरा गर्ने ? मनले कुरा गर्न खोज्छ तर कुराका लागि मन तयार हुँदा शब्द हराउन थाल्दछन् । मनले कुरा लम्ब्याउँदै जाऊँ र एक आपसमा खुलेर गफ गरौँ जस्तो हुन्छ तर समस्या कुरैको हुन्छ । शब्दहरू गलामा आएर थुप्रिन्छन् । बाहिर निस्के त मरिजाऊँ

मनिर र कल्पुको देखभेट भएको समय बिस्तारै बित्दै जान्छ । दुवैले कुराको पोयो फुकाउन एकआपसमा कुरा गर्न थाल्दछन् । प्रेममा मैले पहिला फोन गर्नु पर्छ भन्ने हुँदैन । जसले पहिला सम्झ्यो, फोन गऱ्यो । लम्ब्याउने कुरा खासै हुन्नन् । फोन राख्यो, फेरि गऱ्यो अनुहार हेऱ्यो, आँखाले कुरा गऱ्यो, फोन राख्यो । बारम्बार यस्तै हुन्छ प्रथम प्रेममा ।

युरोप पुगेपछिकै कुरा हो, कल्पुले मनिरलाई फोन गरिन् । मनिर आमाबुबासँग बसेर खाना खाँदै थियो । फोनको घण्टी बजेको बेला लाजले हो वा डरले कल्पुले गरेको फोन काट्यो र फोन लिएर बाहिर गयो । उता गएर कल्पुलाई फोन गऱ्यो वा गरेन, लेखकलाई थाह हुने कुरा भएन ।

तत्काल लेखकले केही नबोली मनमा कुरा खेलायो मात्र, 'फोन किन काटे होला बाबुले, फोन काट्नु पनि एउटा अपराध हो । फोन गर्नुमा केटीको उत्सुकता र समर्पण हुन्छ । फोन काटिदिँदा त्यसको हत्या हुन्छ । प्रेममा उत्सुकताको हत्या पनि अपराध हो । फोनमा अपेक्षा हुन्छ, फोन बिचैमा काटेपछि त्यो अपेक्षाको पनि हत्या हुन्छ । फोनको घण्टीसँगै प्रेम रोइरहेको हुन्छ । फोनको घण्टी काटेर कसैको मायाको सहारामा बाँच्न खोजिरहेको प्रेमको हत्या गर्नु हुन्न ।'

फेरि लेखक र उसको जीवनसङ्गिनीले पनि छोराको प्रेमको लागि अनुमति दिइसकेका छन् । त्यहाँ लाज मान्नु पर्ने के हुन्छ र ! समुन्द्रको छालजस्तै सार्वभौम प्रेमको सत्तालाई चोरेको धन जस्तो लुकाउनु पर्ने कारण नै के छ र ?

अचेल दुवै जना एकअर्काको परिचयमा छन् । प्रेमको गृहकार्यमा दुवैतर्फको परिवारले केटाकेटीले अन्तिम निर्णय सुनाउने दिन कुरेर बसेका छन् । अग्रजहरूलाई उनीहरू प्रेममा फेल भएको नतिजा सुन्ने इच्छा छैन । उनीहरूको लगन, मेहनतले प्रेम फलाउन सके भने उनीहरूको जीवनमा नयाँ अध्यायको सुरुवात हुने छ । प्रेमका हाँगाबिँगा पलाएर जीवनको चौतारीमा शीतलता प्रदान गर्ने छ । आशाको धागो लामो हुन्छ, हरेक अभिभावकले सन्तानको त्यही धागोमा उनिएर खुसी हुनुको विकल्प नै अरू के छ र ?

सुस्तरी सुस्तरी बसेको माया दीर्घकालिक हुन्छ भन्छन्, प्रेमको मधुरसमा पारङ्गतहरू । लेखकले मायाको अनुभूति बिहेपछि मात्र गऱ्यो । उसले सिकेको माया उसले छोरालाई पनि सिकाउँदै छ । वास्तवमा माया सिकाउने कुरा नभए पनि कहिलेकाहीँ सिकाउनु पर्छ । अन्यथा अनुभवविहीनहरूले सानो कुराको मतभेदमा महान् प्रेम गुमाउने खतरा रहन्छ । त्यसैले गुरुले शिष्यलाई ज्ञानले भिजाएभैँ आफ्ना सन्तानहरूलाई मायामा रुझाउनुको मजा पनि छुट्टै हुन्छ ।

'बाबु, नानीसँग कुरा भइरहेको छ ?' बेला बेला लेखकले छोरालाई सोध्छ । 'कहिलेकाहीँ च्याट हुन्छ,' छोराले बाबुको साथ पाउँदा पनि प्रेमलाई बुझ्न नजानेकोमा ऊ खिन्न हुन्छ । उसले सधैँ अनुहार हेरेर कुरा गर्ने सल्लाह दिन्छ । 'एकापसमा खुलेर कुरा गर्नु पर्छ । त्यसले भावना खेल्न पाउँछ । दुवैको आत्मा र मन दुवै नजिकिन्छ ।' उसले छोरालाई ढाडस दिँदै भन्छ, 'प्रेमले रुझेपछि तिमीहरूको बिहे गरी दिउँला ! प्रेम हुन सकेन र तिमीहरूको रुचि मिलेन भने पनि भन्नु, अर्को खोजौँला ।' मनिरले एक बालकले भैँ चुपचाप बाबुको कुरा सुनिरहन्छ । तर अहँ, पटक्कै बोल्दैन ।

अघिल्लो दिनको कुरा हो, मनिरको आमाले सोधिन्, 'बाबुको बिहे गर्न कति समय लाग्छ ?' *क्रमशः ...*

# यसकारण लाग्छ थकाइ



डा. प्रशान्त त्रिपाठी

थकान महसुस हुनु प्राकृतिक प्रक्रिया नै हो । यात्रा गर्दा, उकालोओरालो गर्दा, कुनै काम गरेपछि थकाइ लाग्नु सामान्य हो । शरीर एउटा मेसिन जस्तै हो, जुन निरन्तर चलिरहन सक्दैन । शरीरले पनि समय-समयमा विश्राम खोज्छ । केही समयको विश्रामपछि शरीर पुनः फूर्तिलो हुन्छ ।

थकान कामको चापले मात्र होइन, स्वास्थ्य समस्याका कारण पनि हुन सक्छ ।

शरीर थकित हुने कारण

विलासी जीवनशैली

विविध कारणमध्ये अहिले सबैभन्दा बढी मानिस विलासी बन्दै जानु पनि हो । छोटो दूरीमा जाँदा पनि पैदलको सट्टा सवारीसाधनकै प्रयोग गर्न रुचाउने हाम्रो बानी छ । यस्तो बानीले केही मिनेटको हिँडाइले पनि मानिस थकित हुन्छन् ।

त्यस्तै, विलासी जीवनशैलीका कारण शारीरिक गतिविधि कम गर्ने तर टन्न खाने र बढी आरामदायी जीवन खोज्दा मानिसहरू सानो काम गर्दा पनि थकित महसुस गर्छन् । यसले काम गर्ने क्षमता घटाइरहेको हुन्छ ।

निद्राको कमी

थकानको सबैभन्दा ठूलो कारण पर्याप्त निद्रा नपाउनु हो । दिनभर चुस्तदुरुस्त रहन निश्चित रूपमा निद्रा पूरा गर्नुपर्छ । हरेक उमेरका व्यक्तिको निद्राको आवश्यकता पनि फरक हुन्छ, नवजात शिशुको कुरा गर्ने हो भने उनीहरूलाई १६ घण्टा सुत्न आवश्यक हुन्छ भने किशोरकिशोरीलाई नौ घण्टा, ज्येष्ठ नागरिकलाई सात-आठ घण्टा र ज्येष्ठ नागरिकलाई कम्तीमा पाँच घण्टा र अधिकतम १० घण्टा सुत्न आवश्यक छ ।

गलत खानपान

थकान महसुस हुनुको एक कारण गलत खानपान पनि हो । किनभने धेरैजसो समय मिल्दा खाने, कहिले नखाने, खाएपछि टन्न खाने गर्दा शरीरले खाएको खानेकुरालाई सन्तुलन गर्न सक्दैन । अव्यवस्थित खानपानले शरीरलाई चाहिने पोषण पुग्दैन । पोषण नपुग्दा शरीरमा ऊर्जा कम हुन्छ र थकान भइरहन्छ । कम खाँदा पनि थाकने र नखाँदा पनि थकान हुने समस्या हुन्छ । बरु, दिनहुँ खाने तर सही समयमा खाने गर्नु राम्रो हुन्छ ।

पानीको कमी

थकानका कारण शरीरमा पानीको कमी हो, जसलाई हामी डिहाइड्रेसन पनि भन्छौँ । यदि हाम्रो शरीरले राम्रोसँग काम गर्ने हो भने त्यसको लागि हामीलाई पर्याप्त मात्रामा पानी चाहिन्छ । शारीरिक गतिविधि जति बढी भयो त्यति बढी मात्रामा पानी पिउनुपर्छ ।

कामको चाप

कामको चाप धेरै महसुस गर्नु र तनाव लिनु हानिकारक छ । यसले शरीरमा स्वतः स्फूर्त रहन दिँदैन । यसको तनावले बिस्तारै बिस्तारै मानिसलाई गलाइरहेको हुन्छ, जसले शरीर थकान हुन्छ ।

कम्तीमा ५० प्रतिशत थकान हुने समस्या मनोवैज्ञानिक कारणले हुन सक्छ ।

डिप्रेसन

यो समस्या भएका उदासी र निराश हुन्छन् । उनीहरुले सामान्यतया दीर्घकालीन थकान अनुभव गर्छन् ।

चिन्ता र तनाव

लामो समयदेखि चिन्तित वा तनावमा रहेको व्यक्तिले आफ्नो शरीरलाई ओभरड्राइभमा राख्छ । एड्रेनालिन हर्मोनको निरन्तर बढ्दा शरीरलाई थकाउँछ ।

त्यस्तै, रक्तअल्पता, मधुमेह, मेनोपोज, क्यान्सर, एन्जाइटी डिसअर्डर, मिर्गौलासम्बन्धी समस्या, हाइपोथाइराइड, भिटामिनहरुको कमी, हार्मोन गडबड जस्ता समस्या हुँदा पनि थकान एउटा लक्षणको रुपमा देखा पर्छ ।

विश्राम पनि जरुरी

बिना विश्राम निरन्तर काम गरिरहेमा शरीर कमजोर हुन्छ । शरीरमा ऊर्जा बिस्तारै सकिन्छ । त्यसपछि शरीर मात्र नभई मानसिक रुपमा पनि कमजोर हुन्छ । विश्रामले मांसपेशीलाई आराम दिन्छ । शरीरले ऊर्जालाई भण्डार गर्ने समय पाउँछ र कामले बढिरहेको तनावको स्तरलाई केही क्षणको आरामले घट्दै जान्छ । यसले थकान कम गर्छ र शरीरलाई पुनः सक्रिय गराउँछ ।

१. नियमित रूपमा व्यायाम गर्नुपर्छ । यसले शरीरलाई स्वस्थ राख्न र शरीरलाई थकानबाट पनि टाढा राख्न मद्दत गर्छ ।

२. बिहान समयमै उठ्ने, समयमै नास्ता खाने, खाना खाने र बेलुका ८ बजेअघि खाना खाने गर्नुपर्छ ।

३. अनावश्यक तनाव नलिने, केही समस्या भए साथीभाइ वा परिवारको सदस्यलाई पोख्ने र सानो समस्यालाई ठूलो बन्न नदिने गर्नुपर्छ ।

४. पर्याप्त र गहिरो निद्राका लागि समयमै सुत्ने र समयमै उठ्ने गर्नुपर्छ ।

५. अत्यधिक शारीरिक श्रम गर्नुहुँदैन ।

# सङ्गठित . . .

सङ्गठनको स्वपान देखिने पनि हुन सक्छ, नदेखिने पनि हुन सक्छ । सङ्गठित अपराधीहरूले एकै मुलुकभित्र रही कार्य गरेको पनि हुन सक्छ वा विभिन्न मुलुकहरूमा छरिएको सञ्जाल पनि हुनसक्छ । यथार्थमा के हेरिनु पर्छ भने उक्त समूह तत्काल कुनै कसुर गर्न बनेको भ्रुन्ड वा समूह नभई सङ्गठित अपराधीहरूको समूह हुनुपर्दछ ।


तीन वा सोभन्दा बढी व्यक्ति वा असङ्गठित (लुज नेक्सस) समूहको योजना विद्यमान छ छैन भन्ने हेरिनु पर्छ । यस प्रकृतिको अपराधमा योजना बनाइएको छ, छैन, सङ्गठनको नेतृत्व छ, छैन, कुनै सरकारी कर्मचारी वा गोपनीयताको रक्षा गरिएको छ, छैन, खास प्रभावकारी व्यक्तिको संरक्षण छ, छैन र अपराध गर्नका लागि बनाइएको समूहले आफ्ना लागिभन्दा समूहका लागि काम गरेको देखिन्छ भने त्यस्तो समूहबाट गरिएको अपराधलाई सङ्गठित अपराध मान्नुपर्ने देखिन्छ । सङ्गठित अपराध हुनका लागि अपराध गर्नकै लागि बनेको स्थायी संस्थागत संरचनासमेत देखिनु पर्छ । केही व्यक्ति मिलेर अल्पकालीन वा एक पटक मात्र लाभ लिने प्रकृतिको समूहमा कुनै कसुर गरेको भन्दैमा सङ्गठित अपराध गरेको मानी त्यस्ता व्यक्तिलाई सङ्गठित अपराधीको श्रेणीमा राख्नु न्यायोचित देखिँदैन ।

संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा रहेको छ । मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्ने छ । सर्वोच्च अदालतले प्रस्तुत मुद्दाद्वारा सङ्गठित अपराध हुन आवश्यक पूर्वाधारहरू नभएका आपराधिक वारदातमा समेत अनुसन्धान, अभियोजन र सजाय गर्नु अभियुक्तको व्यक्तिगत स्वतन्त्रतामा पर्न सक्ने आघात भएकाले त्यसो नगर्न सम्बद्ध सबैको ध्यानाकर्षण गराएको छ । फैसलाको दूरगामी प्रभाव पर्ने देखिन्छ ।

हालैका दिनमा चर्चामा आई दायर भएका मुद्दा र सतहमा आएका काण्डसमेत फैसलाबाट प्रभावित हुने छन् । तीन वा तीनभन्दा बढी व्यक्तिको संलग्नता हुनासाथ स्वतः सङ्गठित अपराध मानेर अनुसन्धान गर्ने विशेषाधिकार अब हुने छैन । अभियोजन पक्षले सङ्गठित अपराधमा रहेका प्रत्येक सम्बद्ध कसुरको पुष्टि गर्न आवश्यक प्रमाणको पर्याप्तता विचार गरेर मात्र मुद्दा लगाउनु पर्छ । अदालतले सामूहिक कसुर हो वा सङ्गठित अपराध हो भनी प्रमाण परीक्षणदेखि नै निर्क्योल गर्नु पर्छ ।

अन्त्यमा अब उप्रान्त तीन वा तीनभन्दा बढी व्यक्ति मिली घटाएको वारदातलाई स्वतः सङ्गठित अपराध निवारण ऐन, २०७० आकर्षित गरी अनुसन्धान, अभियोजन र ठहर गर्न फैसलाले रोक लगाएको छ र प्रचलित ऐनको व्यवस्थाले सामूहिक अपराध र सङ्गठित अपराधलाई करिब एकसमान व्यवहार गरेको हुनाले सबैलाई संवेदनशील हुन आग्रहसमेत गरेको छ । गोरखापत्र अनलाईनबाट साभार


नीलकमल इन्टरप्राइजेज



यहाँ खानेपानी तथा घर निर्माणका सामाग्रीहरु पाइनुका साथै हार्डवयर सम्बन्धि सम्पूर्ण सामाग्रीहरु उपलब्ध छ ।

प्रो. नारायण कार्की

०४७-५२०८८३ /९८५४०४२८८३/९८४१६६६१०५

आशिका स्कार्पियो सेवा

मनकामना, मुक्तिनाथ, कालिञ्चोक, पाथिभारा,दर्शन गर्न तथा विवाह लगाएत नेपाल भरि जुनसुकै ठाउमा जानको लागि स्कार्पियो चाहिएमा हामीलाई सम्झनुहोस् ।



इश्वर पुलामी
चालक : ९८४३३३७६५८
हरि बहादुर माभी
प्रो . ९८४४२५२१०
९८१३९९९११७

## बागमती . . .

घुम्ती शिविर र डिजिटल स्वाइल म्यापिङमार्फत छ हजार २९९ माटोको नमुना परीक्षण गर्दा झन्डै ७० प्रतिशत माटोमा अम्लीयपनाको समस्या पाइएको छ। गत आवमा प्रयोगशालाले एक हजार नमुना परीक्षण गर्ने लक्ष्य लिइएकामा एक हजार ३२२, घुम्ती शिविरमार्फत चार हजार ३५२ र डिजिटल स्वाइल म्यापिङबाट ६२५ माटोको नमुना परीक्षण भएको थियो। स्थानीय तहसँगको समन्वयमा प्रदेशका सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा डिजिटल म्यापिङ गरिएको थियो। स्थापनाकालदेखि हालसम्ममा सबैभन्दा धेरै गत आवमा माटोको नमुना सङ्कलन र परीक्षण भएको कार्यालय प्रमुख खड्काले बताए।

माटोको परीक्षण गर्दा अम्लीयपन पाइएपछि प्रयोगशालाले किसानलाई चुन वितरण गरेको छ। माटोको गुणस्तर सुधार कार्यक्रम अन्तर्गत काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रे र चितवनको गरी पाँच पालिकालाई किसानलाई वितरण गर्ने गरी प्रतिपालिका २१ मेट्रिक टनका दरले निःशुल्क रूपमा १०५ मेट्रिक टन कृषि चुन वितरण उपलब्ध गराइएको हो। कृषि चुनमा नौ लाख ८१ हजार रुपियाँ खर्च भएको थियो।

यस्तै गत आवमा जीवाणु मलको प्रयोग र भकारो सुधार कार्यक्रमबाट दुई जिल्लाका ५९ जना किसान लाभान्वित भएका छन्।

काठमाडौँको दक्षिणकाली नगरपालिकामा भकारो सुधार कार्यक्रमबाट १४ र जीवाणु मलको प्रयोगबाट १२ जना किसान लाभान्वित भएको प्रयोगशालाकी माटोविज्ञ लक्ष्मी दाहालले बताए। त्यस्तै काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा भकारो सुधार कार्यक्रमबाट १७ र जीवाणु मलको प्रयोगबाट १६ जना किसान लाभान्वित भएको उनले बताए। भकारो सुधार कार्यक्रममार्फत १० हजार र जीवाणु मलको प्रयोग कार्यक्रम अन्तर्गत प्रोत्साहनस्वरूप प्रतिकिसान पाँच हजार रुपियाँका दरले प्रदान गरिएको थियो।

यसै गरी डिसेम्बर ५ मा विश्व माटो दिवसका अवसरमा ललितपुरको गोदावरी नगरपालिकाको वज्रवाराहीमा मोबाइल भ्यानमार्फत ३०३ वटा माटोको नमुना परीक्षण गरी १५.३ मेट्रिक टन कृषि चुन उपलब्ध गराइएको कार्यालय प्रमुख खड्काले जानकारी दिए।

उता गत आवमा प्रयोगशालाले माटो परीक्षणबाट चार लाख ३८ हजार ५२० राजस्व सङ्कलन गरेको छ।

सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेका स्थानबाट आएका नमुना विश्लेषण कार्यालयले निःशुल्क गर्दै आएकामा कृषक आफैँले ल्याएको नमुना विश्लेषणबापत २५ प्रतिशत र अध्ययन अनुसन्धान कार्यका लागि विद्यार्थी वा विश्वविद्यालयका सम्बन्धित अध्येताले अध्ययन केन्द्र वा विश्वविद्यालयको सम्बन्धित विभागले सिफारिसपत्र पेस गरेमा नमुनाको विश्लेषण शुल्कमा ५० प्रतिशत छुट दिने गरेको प्रयोगशालाले जनाएको छ।

## डेंगु . . .

यो वर्ष धरानमा सेरोटाइप्स एक र तीन र धार्दिङमा सेरोटाइप्स दुई पुष्टि भएको छ। देशैभरि एक र दुई सेरोटाइप्सबाटबाट धेरै जना बिरामी भएको महाशाखाले जनाएको छ। नेपालमा डेंगु सङ्क्रमण सन् २००१ बाट फैलन सुरु गरेको हो। सोही समयदेखि डेंगु महामारीको रूप फैलने गरेको छ। सन् २०१९ धरान र सन् २०२२ मा काठमाडौँ उपत्यकामा डेंगुले महामारीको रूप लिएको थियो। सन् २०१९ मा १७ हजार भन्दा बढी र सन् २०२२ मा ५४ हजार भन्दा बढीमा डेंगु पुष्टि भएको थियो। गत वर्ष काठमाडौँ उपत्यमापनि सेरोटाइप्स एक र तीन सेरोटाइप्स पुष्टि भएको थियो।

## आजको राशीफल

**मेष** : समय शुभ रहेको छ। आज नोकरी गर्नेहरुको लागि राम्रो मौकाहरु आउन सक्छन् भने व्यवसाय गर्नेहरुले राम्रो नाफा बनाउन सक्छन्। स्वास्थ्य राम्रो रहनुका साथै पारिवारिक सद्भाव कायम रहनेछ। आज विद्यार्थीको पढाई पनि राम्रो हुन सक्ने रहेको छ। आज शेयर बजारको क्षेत्रबाट पनि राम्रो लाभ लिन सकिन्छ।

**बृष** : महत्वपूर्ण कामहरु सुरु नगर्नु नै बेस होला। आज स्वास्थ्य पनि सामान्य नै रहनेछ। धार्मिक, सामाजिक तथा परोपकार तिर लाग्दा मनमा शान्ति मिल्ला। पारिवारिक सम्बन्ध सामान्य रहनेछ भने विद्यार्थीले मेहेनत गर्दा पढाई राम्रो रहन सक्छ।

**मिथुन** : समय त्यति अनुकूल रहेको छैन।आज नयाँ कामको थालनी, हालको पेशामा ठूलो लगानी गर्नु पनि ठीक छैन, व्यापार व्यवसायमा संलग्न व्यक्तिलाई हानी हुन सक्छ। पेट दुख्ने तथा चोटपटक लाग्न सक्ने भएकाले खानपिनमा र स्वास्थ्यमा विशेष ध्यान दिनुपर्छ।

**कर्कट** : व्यवसायबाट राम्रो नाफा आर्जन हुन सक्छ भने साझेदारी कामबाट विशेष फाइदा हुन सक्छ। आज पति वा पत्नीको सहयोगले महत्वपूर्ण काम सम्पन्न हुन सक्छ। आज पारिवारिक जीवन र प्रेम जीवनमा समझदारी र विश्वास रहन सक्छ। आज विद्यार्थीको पनि पढाईमा प्रगति हुन सक्छ।

**सिंह** : आज आर्थिक क्षेत्र सम्बन्धि अर्थात् बैंक, फाइनान्स आदि क्षेत्रमा काम गर्ने व्यक्तिले विशेष लाभ प्राप्त गर्न सक्छन्। आज धनको बचत र दीर्घकालीन लगानी हुन सक्छ। आज सुनचाँदी वा अन्य वस्तुको खरिद हुन सक्छ। आज स्वास्थ्य, पारिवारिक जीवन, प्रेम जीवन राम्रो रहन सक्छन्।

**कन्या** : आज शैक्षिक क्षेत्रमा काम गर्ने व्यक्तिहरुले राम्रो प्रगति गर्न सक्छन् भने अन्य क्षेत्र सामान्य रहन सक्छ। हतारको निर्णयले पछुताउनु पर्ने हुन सक्ने भएकाले निर्णय गर्दा विचार गर्नुपर्छ। आज अनावश्यक यात्रा हुन सक्छ। आज पारिवारिक जीवन सामान्य रहन सक्छ।

**तुला** : आज यात्रामा अवरोध र लेनदेनमा घाटा हुन सक्छ । घर परिवारमा आकस्मिक कुनै व्यक्ति रोगले पीडित हुनुपर्नेछ । छातीमा खराबी तथा पेटमा समस्या आउन सक्छ। समय अत्यन्तै खराब रहेकाले सबै काममा सतर्क भएर अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

**वृश्चिक** : आज व्यापार व्यवसायबाट राम्रो लाभ प्राप्त गर्न सक्नुहुनेछ । थान कपडाको दोकान, किराना, मट्टीतेल, डिजल, कुनै पनि तरल पदार्थको पेसा गर्ने व्यक्तिलाई पनि पूर्ण सफलता र लाभको रहेको छ । आज आफूभन्दा तल्ला तहका कर्मचारीबाट राम्रो सहयोग मिल्न सक्छ।

**धनु** : आज मुख वा दाँत सम्बन्धि समस्या आउँन सक्छन्। स्वास्थ्य पनि त्यति सबल रहँदैन र मनमा उत्साहको कमी हुन सक्छ। आज लेनदेन गर्दा आफुलाई घाटा हुन सक्ने भएकाले विचार पुर्याउनुपर्छ। आज प्रेम जीवन तथा पारिवारिक जीवनमा सामान्य असमझदारी देखिए पनि तुरुन्तै हट्नेछ।

**मकर** : मकर राशि भएकाहरूका लागि आज मानसिक प्रशन्नता, मान, प्रतिष्ठा मिल्नेछ । सामाजिक कार्यमा अग्रसर व्यापार विनिमय र पशु चौपायबाट समुचित लाभ, अवरुद्ध कार्य पनि सफल हुनेछन् । नयाँ काम गर्दै हुनुहुन्छ भने आजको समय शुभ रहेको छ । विद्यार्थीको पढाईमा ध्यान जान्छ।

**कुम्भ** : आज स्वास्थ्यमा पेट तथा खुट्टासम्बन्धि समस्या आउन सक्छ। आज परिवारमा मतभेद, वादविवाद पर्ने, कार्यमा विलम्बता हुने, लेनदेन र जग्गा जमीन सम्बन्धी कार्यमा विवाद पर्न सक्ने देखिन्छ। पशु चौपाय तथा कृषि सम्बन्धी कार्यबाट हानी, आत्मीयजनबाट विश्वासघात हुन सक्नेछन् ।

**मीन** : आज व्यवसायबाट राम्रो फाइदा निकाल्न सकिनेछ। कृषि तथा उद्योगमा पनि राम्रो लाभ हुनेछ। कामबाट पनि आर्थिक लाभ मिल्नेछ। आवश्यकता परेको ठाउँमा दाजुभाईको सहयोग मिल्न सक्छ। परिवारमा मेलमिलाप रहनेछ र प्रेम जीवनमा पनि आत्मीय सम्बन्ध हुन सक्नेछ।

# Ghyanglekh Rural Municipality

## Office of the Rural Municipal Executive

**Hayutar,Sindhuli**

**Bagmati Province Nepal**

### e-BidInvitation for Sealed Quotation

### Invitation for Sealed Quotation for the procurement of Procurement of medicines and medical supplies

### Sealed Quotation No: GHRM/Sindhuli/Goods/SQ/02/2080/081

**Date of Publication :30-08-2023**

1.TheGhyanglekh Rural Municipality, Sindhuli invites sealed quotations from registered Suppliers for the Procurement of
medicines and medical supplies.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Hayutar
SindhuliBastipur, 9848646819, info@ghyanglekhmun.gov.np. OR
[may visit PPMO website www.bolpatra.gov.np.] 3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Ghyanglekh
Rural Municipality, SindhuliHayutarSindhuliBastipur and the officeGhyanglekh Rural Municipality, SindhuliHayutar
SindhuliBastipurby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration
certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 till 14-09-2023 12:00 during office hours. 4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP
i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the
following account i. Name of the Bank :Nepal SBI Bank Ltd. ii. Name of Office :Ghyanglekh Rural Municipality, Sindhuli
iii. Office Code no :801032504 iv. Office Account No :Ga-3-(43395241207004)
v. Rajaswa (revenue) ShirshakNo :Ga-3
5. Sealed bids must be submitted to the office Ghyanglekh Rural Municipality, SindhuliHayutarSindhuliBastipur by hand or
through e-GP system i.e www.bopatra.gov.np/egp on or before 14-09-2023 12:00. Bids received after this deadline will be
rejected. 6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-09-2023 13:00 at the office of
Ghyanglekh Rural Municipality,Hayutar,Sindhuli
Bagmati Province
Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum
of 87500 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to
submit the Cash Security, the cash should be deposited in Deposit Account No.[Ga-1-1(43325240600016)] at [Nepal SBI Bank
Ltd. ,Ghyanglekh 2 Hayutarsindhuli] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. 7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as
the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid
submission 8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any
reason, whatsoever.
9. The medicinesupplydieside by contract.
10. PPMO System Calculate Vat non vatable item it should calculate Evaluation.
11. Procurement of medicines and medical supplies should certified by WHO GMP Certified .

.....……………………..
**Chief Administrative Office**

TVS

साथ छ हाम्रो, सम्बन्ध सधैं भरीलाई

श्रेष्ठ ट्रेडर्स

क.न.पा. ६, १ नं. बजार, सिन्धुली

सम्पूर्ण मेशिनरी सामग्रीहरू, कृषि मेशिनरी औजार, वाटर पम्प, मिल, जेनेरेटर पाइनुका साथै यसका सम्पूर्ण पार्टसपुर्जा पनि पाइन्छ। मर्मत पनि गरिन्छ।

०४७-५२११४१ / ९८५४०४५९९९



प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रवन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmail.com, website : www.pravatsamachar.com, www.esajhanepal.com